नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
व्यावसायिक शिक्षा तथा तालिम अभिबृद्धि परियोजना (दोस्रो)
(Enhanced Vocational Education and Training Project -II)
बुद्धनगर, काठमाडौं

visit Nepal 2020 Lifetime Experiences

फोन : ०१-४७८६३११
०१-४७८६४११
फ्याक्स:०१-४७८६५५०

प.सं. ०७७/०७८
च.नं. ६८

मिति: २०७७/०६/२९

**विषय: स्थगित तालिम पुन: सञ्चालन गर्ने सम्बन्धमा अत्यन्त जरुरी सूचना ।**

श्री तालिम तथा रोजगार प्रदायक संस्थाहरु
सबै ।

कोभिड-१९ को महामारीको कारणले नेपाल सरकारको मिति २०७६/१२/५ को निर्णयानुसार यस परियोजनाबाट सञ्चालित सबै प्रकारका तालिम कार्यक्रमहरु स्थगित भएको व्यहोरा अवगत नै छ । यसै सन्दर्भमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७/६/१९ को बैठकबाट **"नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट जारी गरिएको जनस्वास्थ्य एवम् सुरक्षा सम्बन्धी मापदण्डहरु पूर्णरुपमा पालना गर्ने गरी व्यावसायिक तालिम प्रदायक संस्थाहरुलाई पच्चीस जनाभन्दा कम सहभागी हुने गरी छोटो अवधिको व्यावसायिक तालिम सञ्चालन गर्न अनुमति दिने ।"** भन्ने निर्णय भएको हुँदा उक्त निर्णयका आधारमा स्थगन भएको तालिम सञ्चालन गर्ने सम्बन्धमा इन्स्योर परियोजना एवम् तालिम तथा रोजगार प्रदायक संस्थासँग भएको छलफल समेतका आधारमा उपर्युक्त मन्त्रिपरिषदको निर्णयमा उल्लेख भएका जनस्वास्थ्य एवम् सुरक्षा सम्बन्धी मापदण्डहरु पूर्णरुपमा पालना गर्नु गराउनुका साथै यस परियोजनाबाट जारि गरिएका **"कोभिड-१९ का कारण स्थगन भएका तालिम पुन: सञ्चालन सहजिकरण कार्यविधि २०७७ तथा तालिम सञ्चालन निर्देशिका २०७६"** ले तोकेका मापदण्डहरु समेत पूर्णरुपमा पालना गर्ने गराउने पूर्व तयारी गरी सम्बन्धित स्थानीय तह वा वडा कार्यालय, यस परियोजना र इन्स्योर परियोजना सँग समन्वय गरी स्थगन भएका तालिमहरु सञ्चालन गर्नु गराउनु हुन यो सूचना जारी गरिएको छ ।

..................
चन्द्रकान्त भुसाल
परियोजना निर्देशक